..............सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुहको विधान, २०८२(नमुना)

विधान

..............................सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुह

बर्दिबास नगरपालिका

महोत्तरी

बर्दिबास नगरपालिका

<u>प्रस्तावना</u>

बर्दिबास नगरपालिकाका व्यक्तिहरूले विभिन्न प्रकारका सिपमूलक तालिमहरू प्राप्त गरेका छन् । यस्ता सीपहरूले व्यक्तिलाई स्वरोजगार, उद्यमशीलता र आर्थिक सुदृढीकरण तर्फ अग्रसर गराउन सक्ने ठूलो सम्भावना बोकेका छन्। तर यी सीपहरू प्रायः व्यक्तिगत रूपमा मात्र सीमित रहँदा यसको पूर्ण उपयोग र प्रभावकारिता देखिन सक्दैन । तसर्थ समान सीप र रुचि भएका व्यक्तिहरूलाई एउटै मञ्चमा ल्याई, आपसी सहयोग, अनुभव आदान–प्रदान, उत्पादन तथा सेवाको गुणस्तर वृद्धि, बजार पहुच विस्तार र सामूहिक आर्थिक सशक्तीकरण गर्ने उद्देश्यले यो समूहको गठन गरिएको छ।

१. प्रारम्भिक

१.१ संक्षिप्त नाम र प्रारम्भ :

क) यस समुहको नाम ".. सिपमुलक तालिम लिएका व्यक्तिहरुको समूह, २०८२ रहनेछ ।

ख) यो समूह बर्दिबास नगरपालिकामा दर्ता भई बिधान प्रमाणित भएपछि तुरुन्त लागु हुनेछ।

<u>१.२ परिभाषा</u>

बिषय प्रसँगले अर्को अर्थ नलागेमा यो बिधानमा

क) **<u>सिपमुलक तालिम लिएका व्यक्तिहरुको समूह भन्नाले</u>** "यस बिधानमा उल्लेखित" सिपमुलक तालिम प्राप्त गरि समान प्रकृतिको तालिम लिएका १०-३० जना सम्मको व्यक्तिको समुहलाई जनाउनेछ ।

ख) **<u>सदस्य</u>** भन्नाले सिपमुलक तालिम लिएका व्यक्तिहरुको समूहको उद्देश्य अनुसार बिधानको दफा ३ बमोजिम सदस्यता लिएको व्यक्ति लाई जनाउँदछ ।

ग) **<u>कार्य समिति भन्नाले</u>** "बिधान अनुसार निर्बाचित अध्यक्ष, उपाध्यक्ष, सचिब, र कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ।

घ) सभा भन्नाले यस बिधानको बमोजिम गठित साधारण सभालाई जनाउनेछ ।

<u>१.३ समूहको छाप</u>

गोलो घेरा भित्र यस समूहको नाम श्री........................ सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुह २०८२" हुनेछ।

१.४ समूहको कार्यालय:

यस समुहको कार्यालय महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं......... मा रहनेछ ।

१.५ समुहको दर्ता:

सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुह सम्बन्धित बर्दिवास न.पा.को रोजगार सेवा केन्द्रमा दर्ता गर्नुपर्नेछ।सथै अनिवार्य रुपमा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नं (PAN) लिनु पर्नेछ ।

२.उद्देश्य र कार्य

२.१ उद्देश्य

सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यावसायिक हितलाई ध्यानमा राखी देहायमा उल्लेखित समूहको उद्देश्य हुनेछ ।

क) तालिमबाट प्राप्त सीप र ज्ञानलाई व्यावहारिक क्षेत्रमा प्रयोग गरी उत्पादन र सेवाको गुणस्तर सुधार गर्नु।

ख) सदस्यहरूलाई आत्मनिर्भर बनाउन र स्वरोजगारको अवसर सिर्जना गर्न व्यवसायिक गतिविधि सञ्चालन गर्नु।

ग) सामूहिक बचत, लगानी र आय–आर्जनका माध्यमबाट सदस्यहरूको आर्थिक स्तर उकास्नु।

घ) सदस्यहरूको उत्पादन तथा सेवाको बजार खोजी, विस्तार र प्रवर्द्धनका लागि सहयोग गर्नु।

ङ) नयाँ सीप सिकाउने तथा विद्यमान सीपलाई परिष्कृत गर्ने तालिम, कार्यशाला र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु।

च) सरकारी, गैर–सरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी परियोजना, अनुदान र अवसरमा पहुँच पुर्‍याउनु।

छ) सामुदायिक विकास, रोजगारी सिर्जना र सामाजिक उत्थानका लागि समूहको स्रोत र सीप प्रयोग गर्नु।

समूहको बिधानको दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समूहले देहाय बमोजिसका कार्यहरु गर्नेछन् ।

क. सदस्यहरूले तयार गर्ने वस्तु तथा सेवा उत्पादनको योजना बनाउने र गुणस्तर मापदण्ड अनुसार उत्पादन गर्ने।

ख. नयाँ प्रविधि, दक्षता र ज्ञान प्राप्त गर्न तालिम, कार्यशाला र अभिमुखीकरण आयोजना गर्ने।

ग. सरकारी, गैर–सरकारी, निजी क्षेत्र तथा सहकारी संस्थासँग सहकार्य गरी परियोजना र कार्यक्रम सञ्चालन गर्ने।

घ. समूहका सम्पूर्ण गतिविधिको विवरण अभिलेख राख्ने, आर्थिक लेनदेनमा पारदर्शिता कायम गर्ने।

ङ. निर्धारित समयानुसार बैठक गर्ने, सदस्यहरूको सहभागितामा निर्णय गर्ने र कार्यान्वयनमा ल्याउने।

च. तालिम लिएका व्यक्तिहरूलाई रोजगारका अवसरहरू खोज्न र काम सुरु गर्न सहयोग तथा सहजिकरण गर्ने ।

छ. तालिम लिएका व्यक्तिहरूले सिकेको सीपलाई कसरी प्रयोग गरिरहेका छन् र उनीहरूको जीवनमा कस्तो सकारात्मक परिवर्तन आएको छ भन्ने कुराको जानकारी रोजगार सेवा केन्द्र लाई नियमित गराउने ।

ज. नगरबाट प्रदान गरिने सिपमुलक तालिम संचालन योजना तयार गर्न एवं कार्यान्वयन गर्न सहयोग पुर्याउने ।

झ. आफ्नो उदेश्य प्राप्ति गर्न समान उदेश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय संघ/संस्थाहरु संग सहयोगात्मक भावना राख्ने ।

ञ. सदस्यहरुको आर्थिक अवस्था सुधार गर्न सक्ने किसिमका क्रियकलापहरु संचालन गर्ने ।

ट. सम्बन्धित क्षेत्रमा सेवा प्रवाह गर्दा अनुधिकरण तथा उन्नत प्रविधिको प्रयोग गर्ने ।

ठ. सदस्यहरु लाई रोजगारीमा संलग्न गराउन तथा उद्धमशील बनाउन अभिप्रेरित गर्ने ।

ड. स्थानीय स्तरमा रोजगारी सृजना तथा उद्धमशिलता प्रवर्द्धनमा सक्रिय सहभागिता जनाउने ।

ढ. सदस्यहरु बिच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिवृद्धि गर्ने ।

ण. सिपमुलक तालिम लाई प्रभावकारी बनाउन रोजगार सेवा केन्द्र लाई सहयोग गर्ने ।

३. सदस्यता

एकै उद्देश्य एवं समान प्रकृतिका तालिम लिएका व्यक्ति भएको तथा यस समूह बिधानको परिधिभित्र रहने ईच्छा व्यक्त गरेको व्यक्तिलाई यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ ।

३.१ सदस्यको लागी योग्यता

क) नेपाली नागरिक भएको ।

ख) समान प्रकृतिको सिपमुलक तालिम प्राप्त गरेको

ग) समूहको बिधान अनुसार कार्य गर्न मञ्जुर भएको ।

घ) सदस्य-सदस्य बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

ङ) कानूनी रुपमा अयोग्य नरहेको ।

च) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

३.२ साधरण सदस्य :

(क) सदस्यता शुल्क रु........... तिरी साधारण सदस्यताको निवेदन दिई कार्यसमितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ ।

३.३ सदस्यको अयोग्यता

कार्यसमितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराई सदस्यता समाप्त गर्न सक्नेछ ।

क) बिधानको उद्देश्य बिपरित कार्य गरेमा वा समूहको रकम वा कागजातहरु हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्यसमितिबाट निष्कासन गरेमा ।

ख) सदस्यताबाट राजिनामा दिएमा ।

ग) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

घ) मृत्यु भएमा ।

ङ) समूहको सिद्धान्त वा प्रतिष्ठामा आँच आउने कार्य गरेमा ।

<u>४.साधारण सभा तथा कार्य समिति गठन</u>

४.१ साधारण सभा

यस समुहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुनेछ जुन समुहको उच्चतम निकाय हुनेछ ।

साधारण सभाले विधान पारित एवं सशोधन गर्न सक्नेछ । साधारण सभा वर्षमा एक पटक अनिवार्य बस्ने छ तर आवश्यकता अनुसार जुनसुकै वेला साधरण सभा वोलाउन सकिन्छ ।

४.२ साधरण सभाको अधिवेशन

कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिबले अध्यक्षको निर्देशनमा लिखित सूचनाद्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेण्डाको जानकारी गराउनु पर्ने छ ।

नगरपालिका

४.३ साधारण सभाको काम कर्तव्य र अधिकार

क) कार्य समितिको निर्बाचन कार्य तथा गठन गर्ने ।

ख) बिधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) आवश्यक निती निर्देशन तय गर्न कार्य समितिको मूल्याँकन गर्ने ।

ङ) समूहको बार्षिक कार्ययोजना बनाउने ।

च) समूहको बार्षिक कार्यक्रम तथा वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

छ) कार्य समितिलाई मार्गदर्शन गर्ने र साधारण सभाका सदस्यद्वारा प्रस्तावित कुनै पनि कार्यहरुको योजना माथि निर्णय दिने।

ज) लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने।

४.४ साधारण सभाको कोरम

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनेछ । यदि सो नभए फेरी ३ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कूल साधारण सदस्यको २५ प्रतिशत उपस्थिती भएमा पनि यो सभाको बैठक बस्नेछ ।

४.५ कार्य समिति गठन विधि :

क) कार्य समिति ७ सदस्यीय हुनेछ।

ख) कार्य समितिमा अध्यक्ष,उपाध्यक्ष, सचिव र कोषाअध्यक्ष तथा सदस्यहरु हुनेछ।

ग) कार्य समितिको पदाधिकारीको बैठक प्रत्येक महिनाको .... गते/दिन हुनेछ । तर आवश्यकता भए जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २.बर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा सभाको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको गणपुरक संख्या दुई तिहाई लाई मानिनेछ साथै निर्णय बहुमतबाट हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफू मध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाअध्यक्ष मध्ये कम्तिमा १ जना महिला र कम्तिमा ३३ प्रतिशत महिला सहभागीता हुनुर्पनेछ।

४.६ कार्य समितिको काम, कर्तब्य र अधिकार

क) बिधानको परिधि भित्र रही समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निती निर्देशनलाई पालना गर्ने ।

ख) समूहको बार्षिक कार्यक्रम बनाउने तथा समूहको क्रियाकलापहरु संचालन गर्ने ।

ग) नगरपालिका, सरकारी तथा गैह्र–सरकारी संस्थाहरुसंग सम्पर्क गरी बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) समूहको समग्र व्यवस्थापन गर्ने।

ङ) समूहको बार्षिक प्रतिबेदन बनाउने ।

च) समूहको कारोबार तथा गतिविधिको हरहिसाब अध्यावधिक गरि सो को विवरण प्रमाणित गर्ने।

४.७ समुहको बैठक

समुहको नियमित बैठक प्रत्येक महिनाको ...... गते बस्नेछ । समुह बैठकहरु कार्यसमितिले निधो गरेको ठाँउ मिति र समयमा निर्यामत रुपमा बस्नेछ । पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सोको जानकारी कारण सहित पहिले नै दिनु पर्छ । बिशेष परिस्थिति बाहेक लगातार ३ बैठकहरुमा उपस्थित नहुने सदस्यलाई समुह सहमतिको आधारमा निष्कासित गरिनेछ ।

५. पदाधिकारीको काम,कर्तव्य र अधिकार

५.१ अध्यक्षको काम,कर्तव्य र अधिकार

क) साधारण सभा र कार्यसमितिको बैठकको अध्यक्षतामा गर्ने ।

ख) साधारण सभा तथा कार्य समितिको निर्णयहरुको पालना गर्ने गराउने ।

ग) समूहद्धारा संचालित सम्पूर्ण कार्यको रेखदेख गर्ने ।

घ) समूहको सम्पतिको सुरक्षा गर्ने/गराउने ।

ङ) निर्णयको क्रममा मत बराबरी भएको बेला आफ्नो मत दिने ।

च) समूहको उन्नति प्रगतिको लागि सक्षम तथा गतिशिल नेतृत्व प्रदान गर्ने ।

छ) सचिवलाई बैठक बसाउन निर्देशन दिने ।

ज) समूहको आवश्यकता अनुसार छलफल गरी बैठक राखे र् बैठकको अध्यक्षता गर्ने ।

झ) बिभिन्न सेवा प्रदायक संघ / संस्थाहरुसंग समन्वय गर्ने ।

ञ) समूहको सर्वोपरी हितको लागी नेतृत्व गर्ने ।

ट) बैठकमा आम सहमतिबाट निर्णय गरी परिपाटी बसाल्ने ।

५.२ उपाध्यक्षको काम,कर्तव्य र अधिकार

क) अध्यक्षको सहायक भई कार्य गर्ने ।

ख) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने कार्य गर्ने ।

५.३ सचिबको काम,कर्तव्य र अधिकार

क) अध्यक्षको सामान्य निर्देशनमा रही साधारण सभा तथा कार्य समितिको निर्णयलाई कार्यान्वयन गर्ने ।

ख) कार्य समितिको बैठक अध्यक्षको स्विकृति लिई बोलाउनु पर्नेछ ।

ग) बैठकमा अध्यक्षको परामर्शले कार्यसुची तयार गरी बैठकमा पेश गर्ने ।

घ) सामान्य कार्यालय संचालन र नियन्त्रण सचिवले गर्नेछ ।

ङ) समूहको सम्पुर्ण कागजात, माईनुटिङ किताबको संरक्षण गर्ने।

च) बैठकमा प्रस्ताबहरु, सरसल्लाह छलफल भएको निर्णयहरु सबै कलम बन्द गर्ने ।

छ) समूहको नियमित प्रगति बिवरणहरु तयार गर्ने ।

ज) समूहको बार्षिक कार्ययोजना तयार गरी सम्बन्धित ठाउँमा पठाउने ।

झ) समूहले निर्णय गरेपछि अन्तमा निर्णय पढेर सुनाउने ।

५.४ कोषाध्यक्षको काम,कर्तव्य र अधिकार

क) समूहको सबै कोषको हिसाब किताब सुरक्षित र दरुस्त राख्ने ।

ख) साधारण सभामा समूहको बित्तिय(आर्थिक) प्रतिबेदन पेश गर्ने तथा आर्थिक योजना प्रस्तुत गर्ने ।

ग) समुहको वार्षिक बजेट तयार पार्ने र साधारण सभामा बार्षिक प्रतिवेदन पेश गर्नै एवं लेखापरिक्षण गराउने।

घ) समूहको अध्यक्ष वा सचिवसँग मिली खाता संचलन प्रमाणित गराई फाईलमा राख्ने ।

ङ) कार्य समितिले तोकेको अन्य कार्य गर्ने

५.५ कार्यसमिति सदस्यहरुको काम,कर्तव्य र अधिकार

क) आवश्यता अनुसार समुहका अन्य उप समितिमा रही जिम्मेवारी वहन गर्ने ।

ख) कार्य समितिले तोकेको अन्य कार्य गर्ने

६. आर्थिक व्यवस्था

६.१ आर्थिक श्रोत

क) समूहको सदस्यहरुबाट प्राप्त सदस्यता शुल्क

ख) समूहको कृयाकलापबाट भएको आम्दानी

ग) समूहले अन्य संघ/ संस्थाबाट पाएको अनुदान

घ) अन्य

६.२ लेखा परिक्षण

एक बर्षमा एकपटक लेखापरिक्षण गराउनुपर्दछ । आय व्ययको जाँच कोषाध्यक्षले गराउनुपर्नेछ र सो को प्रतिलिपी साधारण सभामा पेश गर्नुपर्नेछ ।

७ विविध

७.१ निर्वाचन सम्बन्धी व्यवस्था

यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले निर्बाचन अधिकृत नियुक्त गर्ने छ। सो निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्नेछ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा

सहमति द्वारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

७.२ पदावधि

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचन भएको मितिदेखि २ बर्षको हुनेछ ।

ख) सो गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगाबै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिबार्य हुनेछ ।

ग) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र जिन्सी कार्यभार समेत सम्पूर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिव बोलाई अथवा कार्यालय सचिव भए सो लाई बुझाई सो को भरपाई लिनु

पर्नेछ । सो नगरेमा यस समुहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुबैले संयुक्त रुपमा क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

घ) बिधान अनुसार कार्यसमिति गठन नबहेको पाइएमा नगरपालिकाले सभा बोलाइ कार्यसमिति गठन गर्न लगाउन सक्नेछ । नगरपालिकाको निर्देशन पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

७.३ अबिश्वासको प्रस्ताव

साधारण सभाको सदस्यहरु मध्येबाट एकतिहाई सदस्यहरुले कार्यसमिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति बिघटन हुनेछ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

७.४ राजिनामा :

समूहको अध्यक्षले कार्यसमिति समक्ष र अन्य सदस्यहरुको हक मा अध्यक्षले राजिनामा स्वीकृत गर्न सक्नेछन् ।

७.५ बिधान संसोधन

क) समुहको बिधान संसोधन गर्नु आवश्यकता पर्ने भएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यको उपस्थितिमा बिधान मस्यौदा पेश गरिनेछ । उपस्थित सदस्यहरु मध्येका दुईतिहाई बहुमतबाट बिधान संशोधन मस्यौदा पारित भएमा बिधान संशोधन गरिने छ ।

ख) संसोधन भएको विधान नगरपालिकाबाट प्रमाणित हुनुपर्छ ।

७.६ कार्यविधि बनाउने

साधारण सभाले आन्तरिक कार्यविधिहरु बनाउन सक्नेछ ।

७.७ उप-समितिहरु गठन गर्न सक्नेछ

साधारण सभाले एवं कार्यसमितिले साधारण सभाको स्वीकृत लिई आफ्ना कार्यक्रमहरु संचालन गरी समूहको लक्ष्य र उद्देश्य प्राप्ति गर्न उप-समितिहरु बनाउन सक्नेछ ।

७.८ समूहको बिघटन

क) समूहको बिधान बमोजिम कार्य संचालन गर्न नसकी वा उद्देश्य प्राप्त गर्न असफल भए समुहको ५१ प्रतिशतले निणर्य गरेमा समूहको बिघटन हुनेछ ।

७.९ नगरपालिकाको निर्देशनः

क) नगरपालिका बाट जारि हुने निर्देशन पालना गर्नु समूहको कर्तव्य हुनेछ ।

ख) समुहको प्रत्येक बर्ष नविकरण गराउनु पर्नेछ ।

<u>सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुहको सदस्यहरुको नामावली :</u>

क्र.स.	सदस्यको नाम	ठेगाना	पद	शैक्षिक योग्यता	सीपको किसिम	अनुभव	सम्पर्क न.
१.							
२.							
३.							
४.							
५.							
६.							
७.							
८.							
९.							
१०.							
११.							
१२.							
१३.							
१४.							
१५.							
१६.							
१७.							
१८.							
१९.							
२०.							
२१.							
२२.							
२३.							
२४.							
२५.							
२६.							
२७.							
२८.							
२९.							
३०.							

अनुसूचि-१

निबेदन

मिति :२०८२/../....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बर्दिवास नगरपालिका
बर्दिवास,महोत्तरी ।

<u>विषय :-समूह दर्ता गरी पाउँ ।</u>

महोदय,

हामी निम्न लिखित व्यक्तिहरु निम्न लिखित व्यहोरा खोली देहायको समूह दर्ता गरी पाउन निवेदन गर्दछौ । प्रस्तावित समूहको उद्देश्य अनुरुप समूहले तत्काले गर्ने कार्य सम्बन्धी योजना र प्रस्तावित समूहको विधानको २ प्रति तथा निर्दिष्ट अन्य आवश्यक प्रमाणित कागजातहरु यसैसाथ संलग्न राखी पेश गरेका छौं ।

१) समूह सम्बन्धी विबरण :

क) प्रस्तावित समूहको नाम :- श्री .... सिपमुलक तालिम लिएका व्यक्तिहरुको समुह

ख) कार्यालय रहने ठेगाना :- ....बर्दिबास न.पा., महोत्तरी

ग) उद्देश्य : ....

घ) मूख्य कार्य :..

ङ) कार्यक्षेत्र :- महोत्तरी जिल्ला बर्दिवास नगरपालिका वडा नं .... भरी मात्र ।

च) सदस्यता शुल्क : रु. .... /- प्रति व्यक्ति ।

छ) लैगिक तथा जातियगत सहभागिता

लैंगिक सहभागिता			जातिगत सहभागिता			
महिला	पुरुष	जम्मा	आदिवासी जनजाती	दलित	अन्य	जम्मा

निवेदक,
दस्तखतः-
नामः-श्री ....
पदः-
ठेगानाः-
सम्पर्क न.:-

समुहको छापः-........................

बर्दिबास नगरपालिका